**माननीय ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्री फणीन्द्र देवकोटाद्वारा मिति २०८२/०३/१३ गते गण्डकी प्रदेश सभामा मन्त्रालयको आ.व. २०८२/८३ वार्षिक कार्यक्रम माथिको छलफलमा दिनुभएको जवाफ**

**माननीय सभामुख महोदय,**

१. आर्थिक मामिला मन्त्री ज्यूले आगामी आ.व. २०८२/८३ को लागि पेस गर्नु भएको वार्षिक कार्यक्रम तथा विनियोजित बजेट माथी यस गरिमामय सभामा ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयगत कार्यक्रम माथी १३ जना माननीय ज्यूहरुबाट धारणा तथा सकरात्मक सुझावहरु व्यक्त भएका छन। सो सन्दर्भमा मैले नेतृत्व गरेको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका सम्बन्धमा प्राप्त भएका विभिन्न टिप्पणी तथा सुझावहरुको लागि माननीय सभामुख ज्यू मार्फत माननीय ज्यूहरु प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्न चाहन्छु।

सर्वप्रथम राणा शासन र पन्चायती व्यवस्थाका विरुद्द चलेका आन्दोलन हुँदै आजको संघीय गणतन्त्रात्मक शासन व्यवस्था स्थापनार्थ आफ्नो जीवन उत्सर्ग गर्ने वीर शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। बेपत्ताहरूको स्थिति सार्बजनिक गर्न नेपाल सरकारसंग माग गर्न चाहन्छु र घाइते योद्धाहरूको सम्मान गर्न चाहन्छु।

२. आगामी आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम माथि विषय उठान गर्नु पूर्व म चालु आ.व. मा मन्त्रालयले अवलम्बन गरेको कार्यदिशा र कार्यन्वयनको विषयका सम्बन्धमा केही प्रकाश पार्न चहान्छु।

(क) यस मन्त्रालयमा प्रदेशको स्थापनाकाल देखिनै वर्षेनी ५०० देखि ७०० वटा सम्म आयोजना थपिने गरेको र नयाँ आयोजनाको अनुपातमा सम्पन्न हुने आयोजनाको सङख्या न्यून रहने गरेको हुँदा चालू आ.व.मा कार्यान्वयन हुने आयोजनाको सङख्या करिब २३०० पुगेको देखिन्छ। फलस्वरुप, सयौं आयोजनाहरु समयमा सम्पन्न हुन नसकी अधुरो अवस्थामा रहनु मन्त्रालयको प्रमुख समस्या हो। उक्त समस्याको जडको रुपमा वर्षेनी माग भई आउने टुक्रे नयाँ आयोजना नै हो भन्ने लाग्दछ। उक्त समस्या समाधान गर्नका लागि मन्त्रालयले निर्माण सम्पन्न आयोजनाको मर्मत सम्भार तथा प्रणाली सुदृढीकरणलाइ प्रमुख प्राथमिकता राखी नयाँ आयोजनाको सन्दर्भमा विस्तृत सम्भाव्यता अध्ययन गरी औचित्य र आवश्यकताको आधारमा मात्र नँया आयोजना लिने र अधुरा आयोजनालाई

यथाशिघ्र सम्पन्न गर्ने नीति अबलम्बन गरेको छ। सोही नीति अनुरुप चालु आ. व. मा यस मन्त्रालयले विभिन्न समयमा सुरु भएर अधुरा रहेका खानेपानी र सिंचाइ तर्फका ४२२ आयोजनाहरुमा स्रोत सुनिश्चितता लिइएकोमा २६ वटा आयोजना यसै आ.व.मा सम्पन्न भइ बाँकी ३९६ वटा आयोजना आगामी आर्थिक वर्ष भित्रै सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरिएको हुदा अब धारा हुने तर पानी नहुने अवस्थालाइ अन्त्य गर्ने गरी स्पष्ट कार्यदिशा निर्धारण गरिएको छ।

(ख) नयाँ आयोजना मागको प्रकृयालाइ थप व्यवस्थित र सवैको सहभागिता एवं पंहूच सुनिश्चित गर्नका लागि चालु आ.व. देखि मन्त्रालयले आयोजना वैंक निर्देशिकाको प्रावधान बमोजिम खानेपानी, सिंचाइ, नदी व्यवस्थापन/तटबन्ध, उर्जा सम्बन्धी छुट्टाछुट्टै आयोजना माग फारम तयार गरी आयोजनाको आवश्यक विवरण सहितको आवेदन लिने व्यवस्था मिलाइएको छ। यसबाट आयोजनाको प्रकृति र आवश्यकता पहिचान गरी आयोजना छनोट प्रकृयालाइ पारदर्शी र मर्यादित हुने व्यहोरा सदन समक्ष जानकारी गराउन चाहन्छु।

(ग) हाम्रो प्रदेशको विद्यमान खानेपानी सुविधाको अवस्था र यसको क्षेत्रगत तथ्याङ्कको विषयमा माननीय ज्यूहरुबाट सवालहरु उठेको छ। सो सन्दर्भमा सर्वप्रथम यो सदनलाइ म यो अवगत गराउनु चाहन्छु कि खानेपानी क्षेत्र संविधानको अनूसूचि बमोजिम तीनै तहको कार्यक्षेत्रमा पर्ने साझा अधिकारको विषय हो। यस क्षेत्रमा संघ, प्रदेश र स्थानिय तह गरी तीनै वटै सरकारले आआफ्नै कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको देखिन्छ। तसर्थ गण्डकी प्रदेश भित्र तीनै तहका सरकारका उपलब्धीलाइ समावेश गरेर यौटा एकिकृत तथ्याङ्क आवश्यक देखियो। सोही आवश्यकतालाइ मध्यनजर गरेर गण्डकी प्रदेश सरकारले संघ सरकारले बनाएको राष्ट्रिय खानेपानी सूचना व्यवस्थापन प्रणाली(NWASH MIS) मा तीनै तहका सरकारको समन्वय, सहकार्य र साझेदारीमा तथ्याङ्क व्यवस्थापनको कार्य गरिरहेको व्यहोरा सदन समक्ष जानकारी गराउँदछु। अन्य प्रदेशहरुमा जस्तो विकास साझेदार मार्फत नगरी हाम्रै स्थानिय तहहरु मार्फत तथ्याङ्क संकलनको र वास प्लान तयारीको कार्य गण्डकीकै मैलिक मोडेलमा भैरहेको छ। हालसम्म प्रदेशका ३४३२ खानेपानी प्रणाली तथा १३,३२,३६५ जनसङख्याको विवरण,

भू-सूचना सहितको नक्सा लगायतका विवरण डिजिटल प्रणालीमा प्रविष्ट भैसकेको छ भने बाँकी आगामी आ.व. को अन्त्य सम्म सम्पन्न गर्ने गरी कार्य भैरहेको छ। सो सम्बन्धमा, मिति २०८१/११/२१ गते प्रदेश सभाका सवै माननीय ज्यूहरुलाइ एक दिनको अभिमुखिकरण कार्यशाला गोष्ठी समेत संचालन गरिएको र सबै माननीय ज्युहरुबाट उक्त प्रयासको सराहाना समेत गरिएको थियो। खानेपानी क्षेत्रमा मात्र नभई, सिंचाइ र ऊर्जा तर्फ विद्युतिय तथ्याङ्क व्यवस्थापनको लागि समेत मन्त्रालयले चालु आ.व.देखि तथ्याङ्क संकलन गर्ने कार्यक्रम अघि बढाएको छ। फलस्वरुप, तथ्याङ्कमा देखिएको अन्योलता चिर्दै यौटा वस्तुपरक र यथार्थपरक तथ्याङ्क प्रणाली बन्ने विश्वास लिएको छु।

(घ) गण्डकी प्रदेशको समृद्दिमा उच्चतम टेवा पर्याउने सम्भावना बोकेको जलविद्युत साथै सौर्य र वायु उर्जा उत्पादन लाइ मूर्तरुप दिन **प्रदेश विद्युत विकास विधेयक** तर्जुमा गरी यसै सभामा छलफलका लागि पेस भएको छ। यो विधेयक यसै सभाको चालु अधिवेशनबाटै पारित हुने विश्वास लिएको छु। यस विधेयक पारित भइ कार्यान्वयमा गए पश्चात गण्डकी प्रदेशमा राजस्वको नयाँ ढोका खुली प्रदेशमा आम्दानीको दरिलो खम्बा बन्नेछ। साथै, यसले निजी क्षेत्रसगँको लगानी र सहकार्य वढाई प्रदेशमा नयाँ रोजगारीका अवसर सृजना भइ प्रदेशको समृद्दिमा नयाँ आयाम थप्ने विश्वास लिएको छु। माननीय ज्यूबाट उठाइएको " दुश्मन हेरेको हेर्यैं, पानी बगेको बग्यै, घाम लागेको लाग्यै " भन्ने भनाई यसैले सम्वोधन गर्ने नै छ।

(ङ)उज्यालो गण्डकी प्रदेश अभियान अन्तरगत यसै वर्ष उज्यालो गण्डकी प्रदेश घोषणा गर्ने लक्ष्य राखी विद्युत विस्तारको तथ्याङ्क एकिन गर्नका लागि सम्पूर्ण स्थानियतहलाइ पत्राचार गरी तथ्याङ्क माग गरिएकोमा स्थानिय तहबाट केही स्थानमा विद्युत विस्तार बाँकी रहेको भन्ने विवरण प्राप्त भएकाले उक्त विवरण रुजु गर्न केही समय लाग्ने देखिएको छ। तथापि हालसम्म तयार गरिएको तथ्याङ्कमा प्रदेशको कूल घरधुरी मध्य ९९.८० प्रतिशतमा विद्युत सुबिधा पुगेको देखिए बाट अब हामी उज्यालो गण्डकी घोषणाको निकट पुगेको आभाष भएको सदन समक्ष जानकारी गराउदछु।

(च) प्रदेश सरकारले लिएको सुशासनको लक्ष्यलाई मूर्तरुप दिन मन्त्रालयले डिजिटल हाजिरीलाई पूर्ण रुपमा कार्यान्वयन गरी मातहतका कार्यालयहरुमा समेत यसको थालनी गरिसकिएको छ। डिजिटल गभर्नेन्सलाइ थप विस्तार र यसको समयसापेक्ष प्रयोगमा मन्त्रालय प्रतिबद्द रहेको व्यहोरा सदन समक्ष जानकारी गराउछु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आ.व. २०८२/८३ को वार्षिक कार्यक्रमका मूख्य विषय र माननीय ज्यूहरुले उठान गर्नुभएका विभिन्न सवालहरुको सम्वोधन गर्ने तर्फ लाग्दछु। मैले नेतृत्व सम्हालेको मन्त्रालयको बारेमा माननीयहरुका खासै गुनासा, टिप्पणी आएका छैनन। बरु, सकरात्मक सुझाव, मन्त्रालयले लिन थालेको लयको बारेमा सकरात्मक धारणा आएका छन। यसको लागि माननीयहरु प्रति आभार व्यक्त गर्न चाहन्छु।

१. आगामी आ.व. २०८२/८३ मा मन्त्रालयको कूल बजेट रु ३ अर्व ८८ करोड ५१ लाख मध्ये पूँजिगत तर्फ रु.३ अर्व ५५ करोड ४१ लाख (९१.५%) र चालू तर्फ रू.३३ करोड १० लाख (८.५%) रहेको छ। पूजिगत तर्फ संघ सशर्त बाट रु.११ करोड ९० लाख, संघ विशेष अनुदान तर्फ रु २९ करोड ६ लाख र प्रदेशतर्फ रु.३ अर्ब १४ करोड ४५ लाख रहेको छ।

२. प्राप्त बजेट मार्फत सम्पूर्ण क्रमागत आयोजनाहरुलाई बजेट विनियोजन गर्न अपुग हुने अवस्था थियो। एकातर्फ स्रोत सुनिश्चिचत आयोजनामा बजेट बाडँफाटँ गर्नुपर्ने अवस्था थियो भने अर्को तर्फ क्रमागत आयोजनालाइ बजेट विनियोजन गर्नु पनि उत्तिकै चुनौतिपुर्ण थियो। तथापी, उपलब्ध बजेटलाई जिल्ला, क्षेत्र, भूगोल, आयोजना सङख्या, कार्यालयगत सन्तुलन कायम गर्ने गरी उच्चतम उपलब्धि हासिल हूने किसिमले वाडँफाटँ गरिएको व्यहोरा सम्मानित सदन समक्ष राख्न चाहन्छु।

३. मैले सम्हालेको मन्त्रालयमा प्रदेश तर्फको चालु आ.व. मा करिब २३०० आयोजनाहरु रहेका थिए। आ.व. २०८२/८३ को अन्तय सम्ममा आयोजना सङख्या मर्मत सम्भार बाहेक १००० को वरिपरि पुगेर हालको सङख्यामा ५० प्रतिशत कटौती हुने देख्दैछु।

४. मैले माथि उल्लेख गरेको अत्याधिक आयोजना सङ्ख्या हुनुको प्रमुख कारणहरु मध्ये आयोजनाको कमजोर व्यवस्थापन पनि थियो। आयोजना उद्देश्यपरक हिसाबले व्यवस्थापन नहुंदा कार्यान्वयनमा दुविधा हुन गई एक किसिमको भद्रगोलको स्थिति मन्त्रालयमा विद्यमान थियो।सो विषयलाई व्यवस्थित गर्न आगामी आ.व. २०८२/८३ देखि यस मन्त्रालयले कार्यान्वयन गर्ने आयोजनाहरूलाई छुट्टाछुट्टै वजेट उपशीर्षक (व.उ.शी.) दिएर ४ वर्गमा वर्गीकरण गरिएको कुरा मन्त्रालयले पेस गरेको आयोजनागत वार्षिक कार्यक्रमबाट अवगत भै सकेको नै छ ।

- वहुवर्षीय / स्रोत सुनिस्चित आयोजना
- संघ विशेष अनुदानमा आधारित आयोजना
- क्रमागत आयोजना
- मर्मत सम्भार तथा प्रणाली सुदृढीकरण आयोजना

(क) वहुवर्षीय / स्रोत सुनिस्चित आयोजनाहरुमा स्रोत सुनिश्चितता अनुरुपको बजेट व्यवस्थापन नहुदा आयोजना समयमा सम्पन्न नहुने, म्याद थप लगायत ठेक्का व्यवस्थापन सम्बन्धी जटिलता थपिदै जाने हुदाँ पहिलो प्राथमिकताका साथ बजेट सुनिश्चितता गर्नका लागि यो बजेट उपशिर्षकको व्यवस्था गरिएको छ।

(ख) यसैगरी, संघ विशेष अनुदानमा आधारित आयोजनाहरु र अन्य आयोजनाहरु सगैं एउटै शिर्षकमा रहदा आयोजनाको प्रगति, आयोजनाको खर्च, अनुगमन र मूल्यांकन गर्न समेत समस्या परेको हुदाँ यसका लागि समेत छुट्टै बजेट उपशिर्षकको व्यवस्था गरिएको छ।

(ग) क्रमागत आयोजनाहरुको सन्दर्भमा विगतदेखि सुरु भइ सम्पन्न हुन नसकेका र सम्पन्न गर्नको लागि थप स्रोत माग गर्ने प्रकृतिका आयोजनालाइ अध्ययन सर्वेक्षण गर्ने र आवश्यक स्रोतको सुनिश्चितता लिने सक्ने गरी क्रमागत बजेट उपशिर्षक अन्तरगत राखिएको छ।

(घ) आयोजनाको वर्गीकरण र व्यवस्थापनकै क्रममा, ससानो मर्मत सम्भार गरेर सेवा सुचारू हुन सक्ने, विपदबाट क्षतिग्रस्त भएका आयोजना तथा मौजुदा प्रणालीलाइ विस्तार एवं सुदृढीकरण गर्नुपर्ने प्रकृतिका आयोजनालाइ मर्मत

सम्भार तथा प्रणाली सुदृढीकरण आयोजनाको ब.उ.शि. मा राखिएको छ। यो उपशिर्षकका आयोजनाहरुमा जति बजेट विनियोजन भएको छ, त्यही बजेट बाट मात्र कार्यान्वयन गरी प्रदेश सरकारलाइ थप दायित्व सृजना गर्न नपाइने गरी व्यवस्थापन गर्ने गरी आयोजना कार्यान्वयनमा थप स्पस्टताका लागि मन्त्रालयले छुट्टै मापदण्ड तयार गरी जारी गर्ने व्यहोरा सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु।

५. विगतका आर्थिक वर्षहरूमा उल्लेख्य रकम विनियोजन हुन नसकेको भएतापनि आगामी आ.व. २०८२/८३ मा उज्यालो गण्डकी प्रदेश अभियान सम्पन्न गर्न रु.१३ करोड वजेट विनियोजन गरिएको छ जसबाट गण्डकी प्रदेश भित्रका सम्पूर्ण घरधुरीमा विजुली वत्तीको पहुँच पुगी उज्यालो गण्डकी प्रदेश घोषणा हुने विश्वास लिएको छु ।

६. राष्ट्रिय खानेपानी सूचना व्यवस्थापन प्रणाली (NWASH MIS) अन्तरगत सबै पालिकाको तथ्याङ्क संकलनको लागि संघ, प्रदेश र स्थानिय तहहरु बीच भएको साझेदारी अनुरुप संघ सरकारबाट प्राप्त रु. १ करोडमा प्रदेश सरकारबाट रु. १ करोड २० लाख थप गरी सम्बन्धित पालिकामा संशर्त अनुदान मार्फत बजेट पठाइएको छ।प्रादेशिक सशर्त अनुदान सिधै स्थानीय तहमा बजेट पठाइएको हुँदा आगामी आर्थिक वर्षको शुरुवातबाटनै कार्यक्रम कार्यान्वयन भइ अपेक्षित उपलब्धि हासिल हुने विश्वास लिएको छु।

७. गण्डकी प्रदेशमा हाल उपलब्ध तथ्याङ्क अनुसार आधारभुत स्तरको खानेपानीको पंहूच धेरैजसो घरधुरीमा पुगिसकेको अवस्थामा अबको प्राथमिकता गुणस्तरीय खानेपानी सुविधाको पंहूच विस्तार हो।सो उदेश्य प्राप्तिका लागि मन्त्रालय आगामी आ.व.देखि मातहतका खानेपानी कार्यालयहरु मार्फत पानीको गुणस्तर राम्रो हुन नसकेका आयोजनाको पहिचान गरी क्लोरिनेशन प्रविधिबाट पानी शुद्दिकरणको शुरुवात तथा समुदायस्तरमा गुणस्तर सम्बन्धी सचेतना गर्नका लागि समेत बजेटको व्यवस्था गरेको छु।

८. गण्डकी प्रदेशमा विपद् व्यवस्थापनको सन्दर्भमा हालसम्म संरचनागत क्षेत्रमा मात्र कार्यक्रमहरु संचालन भैरहेको देखिन्छ।विपद व्यवस्थापनको लागि संरचना निर्माण मात्र पर्याप्त नहुने हुँदा आगामी आर्थिक वर्षदेखि विपद पूर्व सूचना प्रणाली (**Early Warning System**) **को** विकास गर्ने उदेश्यले नदी तथा ताल गरी २ स्थानमा जल सतह तथ्याङ्क संकलन उपकरण जडान गरिनेछ। जसको लागि बजेट व्यवस्था गरिएको छ।

९. प्रदेश सरकारको दोस्रो पन्चवर्षिय योजनाले लिएको प्रमुख रुपान्तरणकारी आयोजनाहरु मध्य एकिकृत जलस्रोत व्यवस्थापन आयोजना र जलविद्युत आयोजनाको पहिचानको लागि सम्भाव्यता अध्ययन कार्य गरिनेछ। यसबाट प्रदेश सरकारले गौरव गर्ने प्रकृतिका आयोजनाको पहिचान गरी उक्त कार्यक्रम कार्यान्वयनको मोडालिटीको विषयमा स्पष्ट मार्गचित्र कोरिनेछ।

**माननीय सभामुख महोदय,**

१०. बजेट थैलीनै कमजोर (सानो) भएपछि सबैको इच्छा चाहाना अनुसारका बजेट विनियोजन गर्न सकिदैनथ्यो र सकिएन ।तरपनि मन्त्रालयलाई प्राप्त बजेट सिमा परिधिबाट अधिकतम लाभ प्राप्त हुनेगरी मिलाउने प्रयास गरेको थिए र छु। मात्र माननीयहरुले अपेक्षा गरे बमोजिम बढी बजेट राख्न नसकेको हुँ।

११. माननीय ज्यूबाट मन्त्रालयगत वार्षिक कार्यक्रम माथिको छलफलमा पोखरामा खानेपानी समस्या भएको विषय उजागर भएको थियो। सो सम्बन्धमा पोखरा महानगरको हकमा खानेपानीको आपूर्ति र वितरणको लागि नेपाल खानेपानी संस्थान रहेको छ। तसर्थ, कार्यक्षेत्र स्पष्ट गरेर दोहोरोपना नहुने गरी कार्यान्वयन गर्नु तथा मौजुदा संरचनालाइ थप सबलीकरण गर्नु उपयुक्त देखिन्छ। खानेपानी उपभोक्ता संस्था, नेपाल सरकारको मातहतमा रहेका खानेपानी संस्थान, खानेपानी बोर्ड, स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकार बिचको कार्यक्षेत्र थप स्पस्ट हुनेगरी मन्त्रालयले खानेपानी नियमावली, २०८२ तर्जुमा गरी यसै आ.व. भित्र मन्त्रिपरिषद्को स्वीकृतीको लागि पेश गर्ने तयारी गरेको छु ।

१२. गत मनसुनको समयमा बाग्लुङ्ग जिल्लाको पश्चीमी भेगमा पर्ने वडीगाड, गल्कोट र जैमिनी पालिकाहरूमा क्षतिग्रस्त भएका सिंचाइ आयोजनाहरू पुनर्स्थापना गर्न संघ विशेष अनुदान बाट रु १० करोडको स्रोत सुनिश्चित भई आगामी आ व देखि पुनस्थापना कार्य प्रारम्भ गर्नेगरी वजेट व्यवस्था भएको व्यहोरा सम्मानित सदन समक्ष जानकारी गराउदछु ।

१३. गण्डकी प्रदेशको रणनीतिक रुपमा महत्वपूर्ण रहेको कोरला नाकाको भविष्यको सम्भावनालाइ मध्यनजर गर्दै नाकामा खानेपानीको उचित व्यवस्थापनको कार्य शुरुवात गर्नका लागि बजेटको व्यवस्था गरेको छु।

१४. मुस्ताङ, म्याग्दी, मनांङ र गोरखा लगायत उच्च हिमाली तथा पहाडी जिल्लामा पशुचरण खर्कमा पानीको व्यवस्थापनको लागि कृषि मन्त्रालयसगँको समन्वयमा अध्ययन गरि आगामी आ.व. भित्र ठोस कार्ययोजना निर्माण गरी आयोजना संचालनको मार्गचित्र तयार गर्ने प्रतिबद्धता समेत यस सम्मानित सभा समक्ष् राख्न चाहन्छु।

१५. एक जना माननीयले एउटा अचम्मको कुरा उठाउनु भएको छ ! जिल्लामा परेको बजेटको हिस्सा पनि खोज्ने अनि बजेट अस्विकार गर्ने यो त विरोधाभास भएन र ? त्यसैगरी कर्मचारीले बजेट हालिदिए भन्ने प्रसंग छ बजेट मन्त्रालय मन्त्री र सदनले बनाउने र पास गर्ने हैन र ? यो त हामी आफू र आफ्नै ओज र महत्व नबुझेकोमा अचम्मित छु बरु यो यो क्षेत्रमा यी यी समस्या छन त्यता पनि ध्यान जाओस भनेर सकरात्मक सुझाव पाएको भए हामी सबैको गरिमा बढ्ने थियो।

**माननीय सभामुख महोदय,**

**संबिधान र गणतन्त्रप्रतिको प्रतिबद्दताका कुराः**

यो संबिधान र गणतन्त्रका लागि धेरै पटक मरेर बाँचेर आएको योद्दा जिउंदै छौ। यो कुनै व्यक्ति बिशेषको एजेन्डा होइन, यो त राजनीतिक प्रतिबद्दता हो।

यो संविधानले प्राप्त प्रदेश सभालाइ समाप्त पार्न खोज्दा आफु पनि सकिन्छु भन्ने थाहा हुँदाहुँदै पनि आफु मर्न तयार भएर रक्षा गरेको दिन स्मरण गर्न चाहान्छु।

आज कस्तो संयोग परेछ भने ठिक एक वर्ष पहिले आज असार १३ गतेका दिन एक जननिर्वाचित यसै प्रदेश सभा सदस्य यस गरिमामय सदनमा पस्न नपाइ प्रदेश सभाको ढोकाबाटै फर्किएको दिन।

अर्काको अस्तित्व र स्वाभिमान माथि धावा बोलेको ती दिन सम्झन समेत गाह्रो हुन्छ। यो केवल एउटा सांसद उभिएको होइन। एक स्वाभिमान, विचार, संविधान र गणतन्त्रको रक्षाको बाहक उभिएको हो। त्यहि भावनाको साथ आजपनि अगाडि बढ्ने आँट र अदम्य साहस प्रकट गर्न चाहन्छु।

गण्डकी प्रदेश सभा एक गरिमामय संस्था/हामीले ल्याएको संघीयताको मेरुदण्ड हो। यो संस्थामा हामी विभिन्न विचार राजनीतिक आस्था राख्ने मानिसहरू/नेताहरू आएका छौं। तसर्थ यो संस्था बलियो बनाउनु हामी सबैको दायित्व हो।

एकले अर्काको अस्तित्व स्वीकार गर्ने, सम्मान गर्ने, आफ्ना विचार तर्कसंगत ढंगले राख्ने उच्च कोटीको व्यवस्था लोकतन्त्र र गणतन्त्रलाई हामीले मजबुत बनाउनैपर्छ। जन्मदा सबै कुरा सानै हुन्छन, जन्मदै कोही कसैको भविष्य निर्धारण गर्न सकिँदैन। चाहे मान्छे होस् चाहे राजनीतिक पार्टी र विचार।

अन्त्यमा, सभामुख ज्यू, माननीय मुख्यमन्त्री ज्यू, दलका नेताज्यूहरु, माननीय सांसदहरूको मार्ग निर्देशन, सुझावहरूको सदैव अपेक्षा गरिरहनेछु। राम्रो गर्ने चाहाना हुँदाहुँदै पनि हुन गएका सामान्य कमी कमजोरीलाई सच्याएर आगामी दिनमा राम्रो गर्दै लाने प्रण गर्दछु।

धन्यवाद